नेपालको पहिलो बैंक

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

**प्रधान कार्यालय**
**कर्जा असुली विभाग**

# नेपाल बैंक लिमिटेडको नाममा रहेको गैह्र बैंकिङ्ग सम्पत्ति गोप्य सिलबन्दी बोलपत्र मार्फत बिक्रीको २१ दिने सूचना

**(प्रकाशित मिति २०७९/०७/०३)**

यस बैंकले आफ्नो स्वामित्वमा रहेका तपसिलमा उल्लेखित घरजग्गा जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने हुँदा सो घरजग्गा खरिद गर्न इच्छुक फर्म वा व्यक्तिबाट आफुले के कति मूल्य तिरी लिने हो मूल्य खोली सम्बन्धित शाखा वा नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, कर्जा असुली विभागबाट उपलब्ध गराएको फाराम भरी यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिन बैंकिङ्ग समयमा सिलबन्दी वोलपत्र पेश गर्नुहुन आव्हान गरिएको छ ।

१. बोलपत्र फाराम तपसिलमा उल्लेखित रकम पछि फिर्ता नहुने गरी बैंकमा जम्मा गरे पश्चात उपलब्ध गराइनेछ ।
२. बोलपत्र पेश गर्दा खाम बाहिर आफुले लिन चाहेको "सम्बन्धित घरजग्गा खरिद गर्ने बारेको सिलबन्दी बोलपत्र" भनी उल्लेख गर्नुपर्नेछ ।
३. बोलपत्र पेश गर्ने अन्तिम मितिको भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिनको १:०० बजे सम्बन्धित शाखा तथा नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, कर्जा असुली विभागबाट बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु तथा मान्य प्रतिनिधिहरुको रोहबरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
४. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको न्यूनतम् १० प्रतिशतले हुने रकम यस बैंकको सण्ड्री क्रेडिटर्स हिसाव खातामा जम्मा गरेको सक्कल भौचर वा कम्तिमा ३ (तीन) महिनाको म्याद भएको यस बैंक बाहेक अन्य बैंकको जमानतपत्र वा Managers Cheque/ Good for Payment Cheque धरौटी बापत पेश गर्नुपर्नेछ ।
५. बोलपत्र स्वीकृत भएपछि सो को सूचना पत्रबाट दिइनेछ र उक्त सूचना दिएको मितिले ३५ दिन भित्र कबोल गरेको धरौटी बाहेकको सम्पूर्ण बाँकी रकम बुझाई उपरोक्तानुसारको सम्पत्तिहरु आफ्नो नाममा नामसारी गरिलिनुपर्नेछ । उपरोक्त म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत: जफत हुनेछ ।
६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । सो को कारण बोलपत्रदातालाई दिइने छैन ।
७. घरजग्गा सम्बन्धी कागजात हेर्न चाहनेले बैंकको प्र.का., कर्जा असुली विभाग र अचल सम्पत्ति स्थलगत रुपमा हेर्न चाहेमा सम्बन्धित शाखामा सम्पर्क राखी हेर्न बुझ्न सकिनेछ । यस सूचनामा सम्बन्धित जग्गाको लालपूर्जा बमोजिमको क्षेत्रफल उल्लेख गरिएको छ ।
८. बोलपत्र स्वीकृत भएपछि हक हस्तान्तरण गर्दा नियमानुसार लाग्ने सबै सरकारी दस्तुर खरिद गरिलिने फर्म वा व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ ।
९. व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको प्रतिलिपि पेश गर्नुपर्नेछ । फर्म/कम्पनीले खरिद गर्दा सो फर्म/कम्पनी दर्ता प्रमाणपत्र तथा कर दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।
१०. रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको वा न्यूनतम मूल्य भन्दा घटी मूल्य अंकित भएको वा शर्तहरु राखी पेश भएको बोलपत्रहरु उपर कुनै कारवाही हुनेछैन ।
११. बोलपत्रमा उल्लेख गर्नुपर्ने सबै कुराहरु स्पष्ट रुपमा केरमेट नगरी लेख्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।
१२. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**तपसिल**

| सि.नं. | बोलपत्र पेश गर्ने सम्बन्धित शाखा | सम्पत्तिको विवरण | कि.नं. | क्षेत्रफल | न्यूनतम मूल्य रु. | कैफियत | फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| १. | वीरगंज सिटी अफिस | पर्सा जिल्ला, वीरगंज न.पा. वडा नं. २ | १३ | ००४८१.८० व.मि फिल्डमा कायम क्षेत्रफल २२७.३६ व.मि | ३,३५,७५,०००/- | घरजग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | ५,०००/- |

सिलबन्दी बोलपत्र बुझाउने अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा लगत्तै अफिस खुलेको दिन दिनको १:०० बजे कर्जा असुली विभाग र सम्बन्धित शाखामा सिलबन्दी बोलपत्र खोलिनेछ ।